बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी
५ नं. प्रदेश
नेपाल

# बर्दघाट नगरपालिकाको मासु व्यवावसाय सञ्चालन सम्वन्धी मामदण्ड, २०७६

प्रमुख प्रशासकीय अधिकृत

नाम, थर: कृष्ण प्रसाद पाण्डे
पद: प्रमुख प्रशासकिय अधिकृत
प्रमाणित मिति: २०७६/०७/१८

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले आफ्नो क्षेत्र भित्र विभिन्न व्यावसायको दर्ता, नविकरण तथा सञ्चालनको सन्दर्भमा नियमन तथा व्यवस्थापन गर्ने जिम्मेवारी सम्वन्धित स्थानीय तहलाई दिएको छ । यस नगरपालीका क्षेत्रभित्रका मासु पसल/ फ्रेस हाउस हरुलाई थप व्यवस्थित र आधारभुत मापदण्ड पुरा गरि नियमन तथा व्यवसाय दर्ता अभिलेखिकरण गर्नका लागि यो मापदण्ड तयार गरि लागु गरिएको छ ।

## स्वच्छ मासु उत्पादनका लागि ध्यान दिनुपर्ने कुराहरुः

- मासुको लागि निरोगी पशुपन्छीहरुको मात्र बध गर्ने ।
- मासु सुरक्षित राख्नको लागी शित भण्डारण (Cold chain maintenance) व्यवस्था गर्ने ।
- मासु पसलमा झिँगा, धुलो प्रवेश नहुने वातावरण सिर्जना गर्ने ।
- मासु विक्रेताले सरसफाईका लागी पन्जा, एप्रोन, मास्क, टोपी आदी जस्ता सामाग्रीहरुको प्रयोग गर्ने ।
- मासुमा पानी छर्कने, मासु पानीमा डुवाउने वा पानीमा भिजाइएको कपडाले छोप्न नहुने ।
- मासुको आकर्षण वढाउन वा मासु सड्नबाट बचाउन कुनै प्रकारको रङ वा रसायन प्रयोग गर्ननहुने ।
- खसि, बोका, बाख्रा, कुखुरा आदि एकैठाउमा बध तथा मासु बिक्रि वितरण गर्न नहुने ।
- बध गरिएको पशुको भित्रयांस (आन्द्रा, भुँडी, टाउको, खुट्टा, रगत) जस्ता भाग पसलमा छुट्टै राखि उपभोग्ताको माग बमोजिम मासुसंग लसपस नहुने गरी अलग्गै फ्रिजमा नै राखि बिक्रि गर्नुपर्ने ।

## मासु पसल दर्ता तथा नविकरणका लागि निम्न अनुसारको मापदण्ड एंव भैतिक अवस्था हुनुपर्ने छ ।

१. मासु बिक्र कक्ष प्रयाप्त स्थान सहितको हुनु पर्ने ।
२. फ्लोर र भित्तामा टायल लगाएको हनु पर्ने ।
३. बिक्रि कक्षमा stainless steel टेवुल/मार्वल लगाएको हुनु पर्ने ।
४. डिजिटल तौल मेसिन हुनु पर्ने ।
५. बिक्रि कक्षमा जाली/शिसा लगाएको, झिंगा नछिर्ने हुनु पर्ने ।
६. मासु बिक्रि कक्षमा डिप फ्रिजको व्यवस्था हुनु पर्ने ।
७. Stainless steel को हतियारहरु र गुणस्तरिय Chopping Bord व्यवस्था हुनु पर्ने ।
८. बध गर्ने छुट्टै प्लेटफर्म बनाउनु पर्ने । (काट्ने र बेच्ने स्थान फरक फरक हुनु पर्ने) ।
९. फोहोरको उचित ब्यवस्थापन मिलाउनु पर्ने ।

प्रमुख प्रशासकीय अधिकृत

बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी
५ नं. प्रदेश
नेपाल

**मासु पसल दर्ता/नविकरण गर्नका लागि पेश गरिने निवेदनको ढाँचाः**

प्रमुख प्रशासकीय अधिकृत

श्रीमान् प्रमुख ज्यू
बर्दघाट नगरपालीका कार्यालय
बर्दघाट नवलपरासी
.....................

मिति

बिषयः मासु पसल संचालन सम्वन्धमा ।

उपरोक्त सम्वन्धमा बर्दघाट नगरपालीका वडा नं. ....... स्थित ................................... बजार/स्थानमा नगरले तोकेको मापदण्ड अनुरुपको मासु पसल स्थापना/संचालन गरेको हुनाले त्यहाँ नगरपालीकामा दर्ता/अभिलेखिकरणका लागि निम्न अनुसारको कागजात संलग्न राखि यो निवेदन पेश गरेको छु ।

<u>संलग्न कागजातहरु</u>

१. निवेदन ।
२. नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
३. सधियारको सहमती मुचुल्का ।
४. सम्वन्धित वडा कार्यालयको सिफारिस ।

<u>निवेदक</u>
नामः
ठेगानाः
सम्पर्क नम्वरः

प्रमुख प्रशासकीय अधिकृत

बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी
५ नं. प्रदेश
नेपाल

प्रमुख प्रशासकीय अधिकृत

**मासु पसल दर्ता/नविकरण गर्नका लागि स्थलगत अनुगमन फर्मेटः**

| क्र.स. | विवरण | विद्धमान अवस्था (भए/नभएको) | | कैफियत |
|---|---|---|---|---|
| १ | मासु बिक्र कक्ष व्यवस्थित | | | |
| २ | बिक्रि कक्षमा टायल | | | |
| ३ | stainless steel टेवल/मार्वल बिच्छाएको | | | |
| ४ | मासु बिक्रि कक्षमा जाली/शिसा | | | |
| ५ | डिप फ्रिज | | | |
| 6 | Stainless steel हतियार | | | |
| 7 | बध गरिने पशुको छुट्टै प्लेटफर्म | | | |
| 8 | फोहोरको उचित व्यवस्थापन | | | |

<u>अनुगमन कर्ताः</u>

पशु सेवा शाखा

प्रमुख प्रशासकीय अधिकृत

बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी
५ नं. प्रदेश

प्रमुख प्रशासकीय अधिकृत

**मासु पसल दर्ता/नविकरण गर्नका लागि सम्वन्धित वडा कार्यालय वाट दिईने सिफारिसको ढाँचाः**

श्रीमान् प्रमुख ज्यू
बर्दघाट नगरपालीका कार्यालय
बर्दघाट नवलपरासी
.....................

मिति

बिषयः सिफारिस गरिएको वारे ।

प्रस्तुत विषयमा बर्दघाट नगरपालीका वडा नं. ..............................................................स्थानमा <u>मासु व्यवावसाय सञ्चालन सम्वन्धी मामदण्ड, २०७६</u> बमोजिमको मापदण्ड अनुरुपको मासु पसल/बिक्रि केन्द्र स्थापना भएको हुनाले नियमानुसार त्यहाँ कार्यालयमा दर्ताको लागि सिफारिस गरिएको व्यहोरा अनुरोध छ ।

(वडा अध्यक्ष)

प्रमुख प्रशासकीय अधिकृत